## आ.व. ०७३/०७४ का लागि विषयगत कार्यालयहरुलाई जिल्ला विकास योजना तर्जुमा सम्वन्धी बजेट सिमा र मार्गदर्शन

१. संघीय मामिला तथा स्थानीय विकास मंत्रालय एवं राष्ट्रिय योजना आयोग बाट वजेट सिलिङ्ग प्राप्त नभएकोले आगामी आ.व. २०७३। ०७४ को लागि वजेट प्रस्ताव गर्दा चालु आ.व.को वार्षिक वजेटमा १०% खर्च बृद्धि गरी प्रक्षेपण गर्नु पर्ने ।

२. जिल्लास्तरमा आयोजना छनौट गर्दा नेपाल सरकारबाट प्राप्त हुने सिलिङ्गको अतिरिक्त, दातृ निकाय तथा अन्य श्रोतबाट प्राप्त हुने भनि निश्चित भएको रकमबाट मात्र प्राथमिकता निर्धारण गरि वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३. नयाँ आयोजनाहरु सञ्चालनमा ल्याउनु पर्ने भएमा अनिवार्य रुपमा वातावरण संरक्षण ऐन २०५३ तथा नियमावली २०५४ बमोजिम IEE/EIA एवं संभाब्यता अध्ययन, लाभ-लागत विश्लेषण र श्रोतको पर्याप्त ब्यवस्था भएपछि मात्र कार्यक्रममा समावेश गर्ने । जिल्लामा कार्यरत दातृ निकाय/गै.स.सहरुले आयोजनाको लागि योजना तथा वजेट जिल्ला विकास समितिको Basket Programe अनुरुप one- door policy अनुशरण गरि लागु गर्ने ।

४. छोटो समयमा बढि प्रतिफल दिने तथा कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने खालका आयोजनाहरु समावेश गर्ने । त्यसको लागि सकभर एकै वर्षमा पूरा गर्न सकिने आयोजनालाई प्राथमिकता दिई आयोजना छनौट गर्ने ।

५. स्थानीय जनताको सहभागिताबाट सञ्चालित आयोजना कम खर्चिलो, बढी प्रभावकारी हुने र विकासप्रति जनताको उत्साह र अपनत्व बृद्धि भई विकासमा दिगोपना कायम हुने हुँदा त्यस्ता आयोजनालाई प्राथमिकता दिई योजनामा समावेश गर्ने । प्रत्येक कार्यक्रममा लैङ्गिक सन्तुलन तथा समावेशीता कायम गरी सम-विकासको अवधारणालाई वल पुग्ने गरि कार्यक्रम तय गर्ने ।

६. आयोजनाहरु पहिचान गर्दा वा छनौट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडि परेका तथा दलित, उत्पीडित, भूकम्प प्रभावित, आदिवासी जनजाति, महिला, अपाङ्ग, यौनिक अल्पसंख्यक, जेष्ठ नागरिक तथा बालवालिकाको विकासको लागि प्राथमिकता दिई योजना तर्जुमा गर्ने ।

७. स्थानीय स्तरमा सञ्चालन गरिने कार्यक्रमका लागि समूह गठन गर्दा पहिले गठन भईरहेका समूहलाई नै प्रयोग गर्ने, क्षेत्रगत वा अरु कुनै विषय विशेषमा समूह आवश्यक पर्ने अवस्थामा भैरहेको समूह मध्येबाटै कार्यगत समूह बनाई कार्यान्वयन गर्ने र नयाँ क्षेत्र वा स्थलमा कार्यक्रमको आयोजना कार्यान्वयन हुने भएमा स्थानीय बासिन्दालाई अनिवार्य रुपमा समूहमा संलग्न गराउने, समूहनै नभएको अवस्थामा मात्र नयाँ समूह गठन गर्ने । साथै वडा समिति नभएको अवस्थामा प्रत्येक वडामा गठित वडा नागरिक मन्चलाई नै योजना छनोटका लागि स्थानीय तहमा जिम्मेवार निकाय ठानी उनीहरुबाटै योजना छनौट, प्राथिमिकरण, कार्यान्वन तथा अनुगमन गर्न थप सशक्तिकरणका उपायहरु अवलम्वन गर्ने ।

८. विषयगत कार्यालयहरुले जिल्ला विकास समितिलाई वार्षिक योजना तर्जुमा एवं ब्यवस्थापनको क्रममा तत् तत् क्षेत्रको विशेषज्ञ सेवा उपलब्ध गराउने ।

९. निक्षेपित कार्यक्रमको लेखा परीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम गरी तोकिएका कार्यबिधी अनुरुप सामाजिक परिक्षण (Social Audit), लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण (GESI), सार्वजनिक परीक्षण (Public Audit) लगायत सार्वजनिक सुनुवाइ (Public Hearing ) जस्ता औजारहरु प्रयोग गरि सार्वजनिक उत्तरदायित्व वृद्धि गर्ने ।

योजना अनुगमन तथा प्रशासकीय अधिकृ

१०. सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समुहका मागलाई सम्बोधन गरिने विषयहरुमा बिशेषत: जोड दिने ।

११. नेपाल सरकारबाट प्राप्त हुने अनुदान, स्थानीय श्रोतको परिचालन र अन्य वाह्य श्रोतबाट प्राप्त हुने साधनको समेत विचार गरी व्यवहारिक एवं कार्यान्वयन योग्य योजना तर्जुमा गर्ने ।

१२. विकास बजेट सञ्चालन गर्ने नाममा थप जनशक्ति, कार्यालय भवन तथा यातायातका साधन जस्ता क्षेत्रमा रकम विनियोजन गर्ने परिपाटीलाइ पूर्णरुपले अन्त्य गर्ने ।

१३. विकास बजेटको रकम कुनैपनि अवस्थामा साधारण खर्चबाट ब्यहोरिनु पर्ने शिर्षकमा रकमान्तर नगर्ने ।

१४. सञ्चालित कार्यक्रमको आम्दानी खर्च र भौतिक प्रगतिको विवरण मासिक, चौमासिक र बार्षिक रुपमा जिल्ला विकास समितिमा पठाई आ-आफ्नो निकायमा समेत सार्वजनिक गर्नुपर्ने ।

१५. क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरी सम्पादित विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्यहरु पारदर्शि बनाई उत्तरदायी ढंगले सञ्चालन गर्ने र तिनको अनुगमन प्रणाली सुदृढ तुल्याउने, सार्वजनिक निकायहरुले प्रदान गर्ने सेवा प्रवाह प्रति सर्वसाधारण जनताको सन्तुष्टी मापनका लागि क्षेत्रगत सेवा प्रवाह तर्फ ध्यान दिने ।

१६. स्थानीय निकायहरुका परिषद्हरुले पारित गरेका योजना तथा कार्यक्रमहरु तथा स्थानीय जनताहरुको मागमा आधारित कार्यक्रमहरुलाई नै मुख्य आधार मानी विषयगत कार्यालयहरुले कार्यक्रम सञ्चालनमा प्राथमिकता दिनु पर्ने ।

१७. योजना तर्जुमा, कार्यान्वयन एवं मूल्यांकनमा समन्वय र सहयोगको लागि विषयगत कार्यालयहरुले कार्य तालिका बनाई कार्यक्रम तर्जुमा, कार्यान्वयन एवं अनुगमनको भरपर्दो ब्यवस्था मिलाउने ।

१८. बैदेशिक सहयोग प्राप्त आयोजनाहरुको हकमा विकास सहायता नीति २०७० अनुरुप दातृ संस्थासंग भएको संझौतासंग मेल खानेगरी आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने ।

१९. दिगो विकास एजेण्डा २०३० (SDGs) लाई मनन गर्दै विकास प्रक्रियामा दिगो विकासलाई स्थानीयकरण (Localization) गर्ने सन्दर्भमा आवश्यक प्रयास गर्ने र कार्य योजना वनाई चरणवद्ध अभियान मुलक कृयाकलाप संचालन गर्ने । साथै नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसंग सम्बन्धित अन्तरराष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पुरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाइ प्राथमिकताका साथ समावेश गर्ने ।

२०. भौगोलिक क्षेत्रको प्रकृति अनुसारका आवश्यकता पहिचान गरि कार्यक्रम/ योजना वनाउने र स्थानीय तहमा संचालन हुने विकास कार्यक्रममा विभिन्न किसमका विपदहरुबाट हुनसक्ने क्षति कम गर्ने उपायहरु अवलम्बन गरि विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना हुन नदिने ।

२१. जिल्ला स्थित विषयगत कार्यालयहरुले अनिवार्य रुपमा जिल्लाको विपन्नता स्तरीकरणको प्रतिवेदनको आधारमा गरीबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) अनुरुपका सूचकहरुको प्रगति लिई सोही आधारमा कार्यक्रम पहिचान तथा कार्यान्वयन गर्ने ब्यवस्था मिलाउने साथै स्थानीय सम्भाब्यताको आधारमा मिसन कार्यक्रम संचालन तर्फ जोड दिने ।

२२. यस जिल्लाले सञ्चालन गरेका एक घर एक धारा, पूर्ण सरसफाइ तथा Post ODF Strategy, घरभित्रको धुवाँ रहित अभियान, पुर्ण खोप, पुर्ण साक्षर, सुरक्षित बैदेशिक रोजगार, वातावरण मैत्री स्थानीय शासन (EFLG), विपद

जोखिम व्यवस्थापन, जलवायु अनुकूलन, पोषण सुधार, अपाङ्गमैत्री एवं बालमैत्री स्थानीय शासन (CFLG), लैङ्गिक उत्तरदायि बजेट बिनियोजन जस्ता बहुपक्षीय जिम्मेवारीका राष्ट्रिय अभियानका कार्यक्रमहरु सञ्चालन तथा अनुगमनमा सहयोग पुग्ने खालका गतिबिधिहरु सञ्चालनका लागि प्राथमिकता दिनु पर्नेछ ।

२३. सवै विषयगत कार्यालयहरुले गा.वि.स. र न.पा. मा संचालन गर्ने कार्यक्रमको जानकारी वा बजेट सिलिङ्ग सम्वन्धीत गा.वि.स. र न.पा.लाई उपलब्ध गराउनु पर्ने र योजना तर्जुमा प्रकृयामा  इलाका गोष्ठी लगायतका चरणमा विषयगत कार्यालयहरुबाट जिम्वेवार अधिकृत अनिवार्य उपस्थित हुनु पर्ने ।

२४. तेहौ आवधिक योजना, जिल्लाको आवधिक योजना, क्षेत्रगत गुरु योजना वा रणनितिक/कार्ययोजना योजना (जस्तै शिक्षा, स्वास्थ्य, कृर्षि, उद्योग, पर्यटन, सडक), जिल्ला पर्यटन गुरुयोजना, क्षेत्रगत रणनीति/कार्ययोजना, स्थानीय जलवायु अनुकुलन कार्ययोजना (LAPA) जस्ता पक्षसंग तादम्यता हुने गरी बार्षिक विकास कार्यक्रम तय गर्ने ।

२५. सामाजिक परिचालनका कार्यहरु मार्फत दोहोरोपना नआउने गरी हरेक बिषयगत निकायहरुले  गरिवी न्युनिकरण (Poverty Reduction) संग प्रत्यक्ष सम्वन्धित कार्यक्रमलाई प्राथमिकतामा राखी योजना तर्जुमा गर्ने ।

२६. योजना तथा कार्यक्रम संचालन गर्दै पूंजिगत खर्च अभिवृद्धि गरी विषयगत क्षेत्रहरुको पहिचान गर्दै कार्य संचालन गर्न Calender Operating Procedure (COP) वनाई कार्यन्वयन तर्फ जोड दिने ।

२७. कार्यक्रम तय गर्दा क्षमता विकास एवं शुसासन प्रवर्द्धन तर्फ समेत समुचित ध्यान दिने ।

२८. स्थानीय ज्ञान, सीप र स्रोतको पर्याप्त प्रयोग हुने किसिमका कार्यक्रमहरु समावेश तर्फ जोड दिने ।

२९. उत्पादनमा विविधिकरण, प्रतिस्पर्धि एवं बजारमुखी उत्पादनका साथै जीवनासक विसादी र भेटनरी औषधिको सुरक्षीत प्रयोग तर्फ पूर्ण सचेत रहने गरि अर्गानिक उत्पादन तर्फ अग्रसर हुने ।

३०. आगामी आ.ब. लागि तयार गरिएको जिल्ला विकास योजनाको बजेट सीमा यसै साथ संलग्न छ । र उक्त बजेट सीमा भित्र अनिवार्य रुपमा रहि कार्यक्रम तर्जुमा गर्नु पर्ने छ ।

३१. रा.यो.आ.बाट प्राप्त हुने मार्गदर्शन तथा बजेट सिलिङ्ग प्राप्त हुनासाथ सम्पूर्ण सरोकारवाला निकायहरुलाई उपलबध गराईने छ ।

प्रशासकीय अधिकृत